

# ३ दश आज्ञाहरु वा परमेश्वरको व्यवस्था जीवनको मार्ग निर्देशक

*यस अध्यायका मूल पदहरू:* व्यवस्था ६:५, व्यवस्था ३१:९-२७, रोमी ३:१९-२३, प्रकाश १२:१७, १४:१२, मर्कूस ६:२५-२७ र हिब्रू ५:८।

*यस अध्यायको मूल सार पद:* **"तिमीले तिम्रो परमेश्वरलाई सारा हृदयले, सारा प्राण वा दिमागले र सारा बाहुबल वा शक्तिले प्रेम गर" (व्यवस्था ६:५ रूपान्तरित)।**

पावलले गलातीहरूलाई जडसूत्रवाद, विधिवाद, धर्मको नाउँमा अतिवाद र मुक्ति पाउन धर्मकर्म गर्न प्रयास गर्नुपर्ने धारणा जसलाई अङ्ग्रेजीमा लिगालिजम (***legalism)*** भनिन्छ त्यसको बारेमा चेतावनी दिंदै यो जिकिर गर्दछन्: "यदि व्यवस्था वा धर्मकर्म गरेर अनन्त जीवन दिइन्छ भने त्यहाँ व्यवस्थाद्वारा सत्य धार्मिकता हुन्थ्यो होला" (गलाती ३:२१ रूपान्तरित)। जीवन दिने कुनै व्यवस्था वा नीति भन्दा दश आज्ञासमेत परमेश्वरको व्यवस्था हुनुपर्दछ। तर हामी पापी भएको कारणले परमेश्वरको व्यवस्था वा दश आज्ञाले पनि हामीलाई अनन्त जीवन दिन सक्दैन न त वर्तमान जीवनलाई नै सार्थकता दिन सक्दछ भनेर पावलले औँल्याउँछन्। "तर धर्मशास्त्र बाइबलले सबै जना पापको परिधिभित्र छ भनेर जिकिर गर्दछ। तर विश्वास गर्नेहरूलाई येशू ख्रीष्टमाथि आस्थाद्वारा प्रतिज्ञा दिइएको छ" (गलाती ३:२२ रूपान्तरित)।

यद्यपि, यदि परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूसमेतले गरेर पापीहरूलाई यस जीवन र अनन्त जीवन दिन सक्दैन भने व्यवस्थाको अर्थ के भयो त यदि त्यसले हामीलाई अनुग्रहको आवश्यकतालाई औँल्याइएन वा

देखाइएन भने? के हाम्रा पापहरूमात्र देखाउने दश आज्ञासमेत व्यवस्थाको काम नकारात्मकमात्र हो त?

अहँ, कदापी होइन, किनभने व्यवस्थाले हामीलाई जीवनको बाटोलाई औँल्याउँछ जुन येशूमामात्र हामी पाउँछौं। त्यसकारण, यथार्थमा सत्य वा सही शिक्षा पनि त्यही हो अर्थात् त्यसले हामीलाई अनुग्रहको जीवन, विश्वास अर्थात् आस्था र ख्रीष्टको अधिनमा रहेर उहाँका वचनहरू पालन गर्नु सिकाउँछ। इसाई शिक्षाले सोधिने स्वस्थ प्रश्नमा आधारित परमेश्वरको व्यवस्थाको भूमिका यस अध्यायमा हामी अध्ययन गर्नेछौं। जब हामी यस अध्याय अध्ययन गर्नेछौं तब दश आज्ञासमेत परमेश्वरको व्यवस्थाले हामीलाई मुक्ति दिन नसकेतापनि यसले विश्वास, आस्था, भक्ति, अनुग्रह र पतित मानिसलाई परमेश्वरले देखाउने प्रेमको बारेमा के सिकाउँदोरहेछ, हेरौं।

## १. परमेश्वरलाई प्रेम गर्नु, भय मान्नु वा उहाँमाथि अगाढ श्रद्धा राख्नु

नयाँ पिँढीहरूको सामु मोशाले दिएका अन्तिम वचनहरू व्यवस्थाको पुस्तकमा समावेश भएको छ। ती नयाँ पिँढी इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा अन्तमा भित्रिनेवालाहरू थिए। तर तिनीहरू त्यस देशमा जानुभन्दा अघि मोशाले तिनीहरूलाई केही स्पष्ट वचनहरू र निर्देशनहरू दिँदछन्।

**परमेश्वरको भय मान्नु भनेको के रहेछ भनेर मोशाले व्यवस्था ३१:९-१३मा भनेको पढ्नुहोस् "९ अनि मोशाले व्यवस्था लेखेर परमप्रभुका करारको सन्दूक बोक्ने, लेवी वंशका पूजाहारीहरू र इस्राएलका सबै धर्म-गुरुहरूलाई दिए। १० तब मोशाले तिनीहरूलाई यस्तो आदेश दिएः "प्रत्येक सात वर्षको अन्तमा ऋणहरू मेटिदिने वर्षमा, छाप्रो-वासको चाड़मा, ११ उहाँले छान्नुहुने ठाउँमा परमप्रभु तिमीहरूका परमेश्वरको सामु जब सारा इस्राएलीहरू देखा पर्नलाई आउँछन्, तब सारा इस्राएलका अगि तिनीहरूले सुन्ने गरी तिमीहरूले यो व्यवस्था पढ्नू। १२ पुरुष र स्त्री, बालक र तिमीहरूका सहरभित्र भएका परदेशीहरू सबैलाई भेला गर, र तिनीहरूले सुनेर परमप्रभु तिमीहरूका परमेश्वरको भय मान्न र यस व्यवस्थाका सबै वचन होशियारीसाथ पालन गर्न**

**सिकून्। १३ यर्दन पारि तिमीहरूले अधिकार गर्न जान लागेको देशमा बसुन्जेल यो व्यवस्था नजान्ने तिनीहरूका छोराछोरीहरूले पनि सुनेर परमप्रभु तिमीहरूका परमेश्वरको भय मान्न सिक्नुपर्नेछ।"**

जब परमेश्वरले इस्राएलीहरूलाई आफ्नो व्यवस्था जुन तरिकाहरू अपनाएर दिनुभयो तब त्यसमा उहाँको उद्देश्य थियो। उहाँले सक्दो सबै प्रावधानहरू अपनाउनुभएको थियो ताकि उहाँका व्यवस्थाहरू इस्राएलका सन्तानहरूले नबिर्सुन। यथार्थमा, परमेश्वर सहनशील शिक्षक हुनुहुन्छ। उहाँ सदाशयी र धैर्यवान परमेश्वर हुनुहुन्छ। उहाँले सिकाउनुहुन्छ र आफ्ना सन्देशहरू आफ्ना जनहरूले दिमागमा राखिछोडुन र त्यसको पालन गरुन् भनेर उहाँले बारम्बार दोहोऱ्याउनुहुन्छ। आफ्नो सन्देश मानिसहरू समक्ष पुऱ्याउन् भनेर उहाँले अगमवक्ताहरू र उहाँका सेवकहरूलाई उहाँले प्रयोग गर्नुहुन्छ। उहाँले यो प्रक्रिया एक पटकमात्र होइन, फेरि फेरि पनि दोहोऱ्याएर अपनाउनुभएको थियो। पुराना करारका कतिपय लेखहरू के उहाँका जनहरूले तिनीहरूसमक्ष उहाँले राख्नुभएको सही, असल र उचित जीवनपद्धति वा शैली अपनाउन सिकाउन खोज्नुभएको होइन र? त्यो भन्दा अरू के छ र?

भविष्यका पिँढीहरूले व्यवस्था सिक्नुपर्नेमा मोशाले दिएको जोडलाई ख्याल गर्नुहोस्। परमेश्वरको व्यवस्था सिक्न मोशाले तिनीहरूलाई दुई चरणहरू दिँदछन्। पहिलो चरणमा इस्राएलीहरूले परमेश्वरको व्यवस्था सुन्नुपर्दछ वा श्रुतिबाट एक अर्कोलाई सुनाउनुपर्दछ। अनि दोस्रो चरणमा तिनीहरूले उहाँको भय मान्न वा श्रद्धा गर्न सिक्नुपर्दछ (व्यवस्था ३१:१३)।

पहिले तिनीहरूले सुन्नुपर्दछ अनि तिनीहरूले परमेश्वरको भय मान्नु वा उहाँप्रति श्रद्धा राख्न सिक्नुपर्दछ। त्यसको अर्थ व्यवस्थाको बारेमा थाहा पाएर स्वत परमेश्वरको भय मान्नु होइन। परमेश्वरको भय मान्नु वा उहाँमाथि श्रद्धा राख्नु वा उहाँको उपस्थितिको अनुभव गर्नु भनेको के हो त्यसको प्रक्रिया मानिसहरूले सिक्नै पर्दछ। ज्ञान र भय एक प्रक्रिया हो भनेर मोशाले यहाँ भन्न खोजेको छ। परमेश्वरसँगको सम्बन्धमा उहाँको व्यवस्था जानेर उहाँसँग डर

मान्नु भन्ने होइन। अर्थात्, उहाँको व्यवस्था नजान्दा त्यसको परिणाम तुरन्तै नकारात्मक हुन्छ भन्नु होइन।

तर "परमेश्वरको भय मान्नु नै" भनेको के हो त? के उहाँको नाउँ सुन्नेवित्तिक्कै थरथर काँप्नु हो त? के परमेश्वरले आफ्ना भक्त जनहरूलाई यो भन्नुभएको छैन र? "तिमीले परमेश्वरलाई आफ्नो सबै हृदयले, सारा दिमाग वा प्राणले र शक्ति अर्थात् बाहुबलले प्रेम गर्नु भनेको छैन र?" (व्यवस्था ६:५ रूपान्तरित)। यो भनेको के हो भनेर बुझ्न शायद हामीले असल बाबु र आमाको बीचमा बालकको सम्बन्धलाई हेर्नु जरुरी छ। असल बाबु वा आमाले आफ्नो बालकलाई प्रेम देखाउँछन् र हेरचाह गर्छन्। तिनीहरूले आफ्ना बालकलाई प्रेम वा माया गरेकै कारणले तिनीहरूले के भनेको छ सो तिनीहरूले मान्न जरुरी बालकले ठान्दछ। यदि बालकले गल्ती गऱ्यो भने आफूले माया गरेको छोरालाई बाबु र आमाले उसलाई ठिक ठाउँमा ल्याउन स्वभाविकैले उसलाई हप्काउँछन्। हो, त्यस्तै गरेर हामीले पनि परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँको भय मान्नुपर्दछ वा उहाँको वचनलाई पालन गरेर उहाँलाई सम्मान गर्नुपर्दछ। ती दुई चाल एक आपसमा बाझिन्दैन। जति हामीले परमेश्वरको बारेमा सिक्दछौं त्यति हामीले उहाँलाई प्रेम गर्न थाल्दछौं किनभने उहाँ कतिको असल वा राम्रो रहेछ भनेर हामीले बुझ्दछौं। फेरि त्यसै समयमा जति हामीले परमेश्वरको बारेमा सिक्छौं त्यति उहाँको भय मान्न पुग्दछौं वा उहाँप्रति अगाढ श्रद्धा राख्न पुग्दछौं किनभने उहाँ कतिको पापरहित, पवित्र र धर्मी हुनुहुन्छ भनेर हामी सिकेका हुन्छौं र उहाँको स्वभावको बिपरित हामी कतिको पापी र अधर्मी भनेर हामी बुझ्दछौं। अनि यो पनि हामी निश्कर्षमा पुग्दछौं कि हामीले गरेको कुनै धर्मकर्मबाट होइन उहाँको अनुग्रहले मात्र हामी नाश भएका छैनौं।

**परमेश्वरलाई प्रेम गर्नु र त्यसैवखत उहाँको भय मान्नु भनेको के हो भनेर तपाईंले कसरी बुझ्नुहुन्छ?**

## २. तिम्रो विरुद्धमा साछी

मोशालाई थाहा थियो कि उनी छिट्टै मर्नेछ। आफ्नो जीवनको अन्त्यपछि इस्रायलीहरूले सामना गर्नुपर्ने गम्भीर परिस्थितिको बारेमा उनी सतर्क भएका थिए। यो पनि उनलाई थाहा थियो कि उनको मृत्युपछि इस्राएलीहरू प्रतिज्ञा गरिएको देश कनानमा पस्नेछन्। तिनीहरूको लक्ष्य गरेको देशमा पुगेपछि तिनीहरू विद्रोही हुनेछन् भनेर पनि उनलाई थाहा थियो।

**व्यवस्था ३१:१४-२७ पढ्नुहोस्। आफ्नो मृत्युभन्दा पहिले मोशाले के तयारीहरू गर्दछन्? मोशाका प्रमुख पिरहरू के थिए र तिनीहरूलाई उनले कसरी सम्बोधन गरे? हेर्नुहोस्, "१४ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "हेर्, तिम्रो मृत्युको दिन नजिक आइपुग्यो। यसकारण यहोशूलाई बोलाऊ, र भेट हुने पालमा तिमीहरू हाजिर होओ। त्यहाँ म त्यसलाई कार्यभार सुम्पनेछु।" तब मोशा र यहोशू गएर भेट हुने पालमा हाजिर भए। १५ तब परमप्रभु पालमा एउटा बादलको खामोमा देखा पर्नुभयो, र त्यो बादल पालको ढोकामाथि स्थिर भयो। १६ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "तिम्रा पिता-पुर्खाहरूजस्तै तिमी मर्न लागेका छौ। तिमी मरेपछि तिनीहरू प्रवेश गर्ने देशमा पुगेर यी मानिसहरूले चाँड़ै विदेशी देवताहरूसँग लागी आत्मिक व्यभिचारझैं गर्नेछन्। मलाई त्यागेर मैले तिनीहरूसँग बाँधेको मेरो करार तिनीहरूले तोड्नेछन्। १७ त्यस दिन मेरो क्रोध तिनीहरूमाथि दन्कनेछ र म तिनीहरूलाई त्याग्नेछु, र आफ्नो मुख तिनीहरूबाट लुकाउनेछु र तिनीहरू नष्ट हुनेछन्। धेरै आपत्विपद्हरू र कठिनाइहरू तिनीहरूमाथि आइपर्नेछन्। तब त्यस दिन तिनीहरूले भन्नेछन्, 'हाम्रा परमेश्वर हाम्रा बीचमा नभएर नै हामीमाथि यस्ता विपत्तिहरू आएका होइनन् र?' १८ अन्य देवताहरूतिर लागेर तिनीहरूले गरेका सबै खराबीले गर्दा त्यस दिन म निश्चय नै आफ्नो मुख लुकाउनेछु। १९ "यसकारण अब तिमीहरूले आफ्नै लागि यो भजन लेखेर इस्राएलीहरूलाई सिकाओ र तिनीहरूलाई गाउन लगाओ। तिनीहरूका विरुद्धमा यो भजन मेरो निम्ति एउटा गवाही होस्। २० तिनीहरूका पिता-पुर्खालाई शपथ खाएर दिने प्रतिज्ञा गरेको, दूध र मह बग्ने देशमा मैले तिनीहरूलाई पुऱ्याएपछि, तिनीहरू**

**खाई-पिई मोटाएर अन्य देवताहरूतिर लाग्नेछन् र यिनीहरूलाई पुज्नेछन्, अनि मलाई तिरस्कार गरेर मेरो करार उल्लङ्घन गर्नेछन्। २१ धेरै आपत्-विपत् र कठिनाइहरू तिनीहरूमाथि आएपछि यो भजन तिनीहरूका विरुद्धमा गवाहझैं हुनेछ, किनकि त्यो तिनीहरूका सन्तानहरूले कहिल्यै बिर्सनेछैनन्। तिनीहरूलाई प्रतिज्ञामा दिन्छु भनेको देशमा पुऱ्याउन अघि नै मैले तिनीहरूका मनको अभिप्राय बुझिसकेको छु।" २२ तब मोशाले त्यसै दिन यो भजन लेखेर इस्राएलीहरूलाई सिकाए। २३ परमप्रभुले नूनको छोरा यहोशूलाई यो आज्ञा दिनुभयोः "बलियो र साहसी हो! किनकि मैले दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा तिमीले नै इस्राएलीहरूलाई पुऱ्याउनेछौ, र म आफै तिमीसँग हुनेछु।" २४ मोशाले यस व्यवस्थाका वचनहरू सुरुदेखि अन्त्यसम्म लेखिसिद्ध्याएपछि २५ परमप्रभुका करारको सन्दूक बोक्ने लेवीहरूलाई यो आज्ञा गरेः २६ "व्यवस्थाको यो पुस्तक परमप्रभु तिमीहरूका परमेश्वरका करारको सन्दूकको छेउमा राख, र त्यो तिमीहरूका विरुद्धमा साक्षीको रूपमा त्यहाँ रहोस्। २७ किनकि म तिमीहरूको विद्रोह र हठ जान्दछु। आज मेरो जीवनकालमा नै म तिमीहरूसँग छँदै तिमीहरू परमप्रभुको विरुद्धमा उठेका छौ भने, मेरो मृत्युपछि अझ कति साह्रो विद्रोह गर्नेछौ!"**

कक्षामा शिक्षक नभएको बेलामा पाहुना शिक्षक हुन आफू तयारी गरिरहेको जस्तो आभास् मोशाले यहाँ दिन्छ। आफ्ना कक्षा कोठामा उनको सामु उनका विद्यार्थीहरू अनुशासित भएर चलेका थिए भन्ने कुरा उनलाई थाहा थियो। उनी भएन भने तिनीहरू विद्रोही वा वागी हुनेछ भन्ने कुरामा उनले नसोचेको थिएन। परमेश्वरको व्यवस्थाको पुस्तक साछीको निम्ति पवित्र सन्दुक वा करारको बाकसको छेऊमा राख्न उनले लेबीहरूलाई निर्देशन दिन्छन्। आफू गएपछि आउनेवाला पाहुना शिक्षकको निम्ति पाठहरू तयार पारेर छोड्ने जस्तो गरेर उनले चलेका थिएनन्। व्यवस्थाको पुस्तक मानिसहरूको हृदयहरूलाई सच्याउने वा अनुशासनमा ल्याउने जीवित व्यक्ति जस्तो गरेर उनले बोल्दछन्।

**परमेश्वरको व्यवस्था तिनीहरूको विरुद्धमा साछी वा गवाही हुने कुरामा सोच्नुहोस्। यही धारणा नयाँ करारमा हामीले कसरी बुझ्ने? अर्थात् परमेश्वरको व्यवस्थाले हामीलाई उहाँको अनुग्रहको आवश्यकतालाई कसरी औंल्याउँछ? हेर्नुहोस् रोमी ३:१९-२४ "१९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ। २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।"**

मोशालाई परमेश्वरले सिकाउनुभएको भजन लेख भनेर मोशालाई उहाँले निर्देशन व्यवस्था ३१मा उल्लेख गरिएको छ। अनि त्यो भजन इस्राएलीहरूको विरुद्धमा साछीको निम्ति रहनेछ भनेर उनले सिकाउन मोशाले पद १९मा उल्लेख गरिएको छ। यहाँ पनि परमेश्वरका निर्देशनहरू व्यक्तिगतरूपमा प्रस्तुत गर्नुभएको हामी देख्दछौं। जब कुनै पनि भजन वा गीत हामी गाउँछौं तब त्यसलाई हामीले सजिलैसँग फैलाउन सक्छौं। जब भजन आफै गवाहीको रूपमा गाइन्छ त्यसले गर्दा मानिसहरूले आफ्ना मुटुहरू छाम्न सहयोग गर्दछन् किनभने त्यस भजनले के भनिरहेको छ त्यो तिनीहरूको दिमागमा छेड्दछ।

**परमेश्वरले नै दिनुभएको बाहुबलबाट हामी परमेश्वरको व्यवस्था पालन गर्न खोजेतापनि त्यो व्यवस्था हाम्रो निम्ति विरुद्धमा कसरी काम गर्दछ? यस गवाही वा व्यवस्थाले हाम्रो जीवनमा सुसमाचारको आवश्यकतालाई कसरी सिकाउँदछ?**

## ३. कि तिम्रो उन्नती होस्

परमेश्वरको व्यवस्था सुन्दा र पालन गर्दा मानिसहरूलाई कस्तो फाइदा वा हित भएको थियो भन्ने विवरण बाइबलभरि फैलिएको हामी पाउँछौं।

**यहोशू १:७-९ पढ्नुहोस्। परमेश्वरले यहोशूलाई के भनिरहनुभएको छ? के त्यहाँ उल्लेख गरिएका नीतिहरू केवल यहोशू वा पौराणिक इस्राएलीहरूको निम्तिमात्र लागु हुन्छ कि हामीलाई पनि? हेर्नुहोस् "७ बलियो र अति साहसी हो। मेरो दास मोशाले तिमीलाई आज्ञा गरेअनुसार सबै व्यवस्था पालन गर्। त्यसबाट दाहिनेतिर वा देब्रेतिर नफर्कनू, र तिमी जहीं गए पनि सफलता पाउनेछौ। ८ व्यवस्थाको यो पुस्तक तिम्रो ओठबाट नहटोस्, तर त्यसमाथि तिमीले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तिम्रा सबै मार्गहरूमा तिमीले उन्नति गर्नेछौ र सफलता पाउनेछौ। ९ तिमीलाई मेरो आज्ञा छ बलियो र खूबै साहसी हो, नडरा, निराश नहो, किनकि तिमी जहाँ गए पनि, परमप्रभु तिम्रा परमेश्वर, तिम्रो साथमा हुनुहुनेछ।"**

जब कनान देशमा यहोशू पस्छन् तब परमेश्वरले यहोशूलाई भन्नुहुन्छ "बलियो होऊ र धेरै साहसिलो होऊ ताकि मेरो सेवक मोशाले तिमीलाई दिएको आज्ञा अनुसार व्यवस्था लेखिएको सबै नीतिहरू तिमीले पालन गर्न सकोस्। दायाँ र बायाँबाट नफर्किनु। यदि त्यस व्यवस्था अनुसार तिमीले चल्यौं भने तिमी जहाँ गएपनि तिम्रो फलिफाप हुनेछ" (यहोशू १:७ रूपान्तरित)।

समुन्नति नै परमेश्वरको आज्ञा मान्नुको परिणाम वा उत्पादन हो भन्ने धारणा आजको विश्वले सफलताको निम्ति चलेको नीतिको विपरित देखिन्छ। आज धेरै मानिसहरूले सफलता भन्नुनै नयाँ नयाँ कुराहरू पत्ता लगाउनु वा आविश्कार गर्न, सृजनात्मक हुनु र आफ्नो खुट्टामा आफै उभिन सक्नु हो भनेर प्रचारवाजी गर्दछन्। हुन पनि कुनै पति कारखानाले सफलता हासिल गर्न चाहन्छ भने त्यसको निम्ति असाधारण दिमाग र प्रतिभा चाहिन्छ। कतिपय समयमा त त्यसमा जोखिम पनि व्यहोर्नुपर्ने हुन्छ।

तर परमेश्वरको नजरमा सफलता, सम्मुन्नतिको निम्ति अर्कै स्रोतमा भरपर्नुपर्छ।

परमेश्वरको व्यवस्थाको उपादेयिता, आवश्यकता र त्यसलाई पालन गर्नुपर्ने अपरिहार्यता वा चाहिने नीति भनेर देहायका पदहरूले हामीलाई के भनिरहेका छन्न हो परमेश्वरको व्यवस्था पालन गरेर  हामी मुक्ति त पाउँदैनौं तैपनि त्यसलाई पालन गर्नु किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, प्रकाश १२:१७ "अनि त्यो अजिङ्गर त्यस स्त्रीसँग रिसायो, अनि परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको गवाही कायम राख्ने उसका बाँकि सन्तानसँग लडाइँ गर्न हिंड्यो" (कुनै कुनै नेपाली संस्करणमा यो पदको मूख्य अंश हटाइएको छ), प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।", रोमी १:५ "उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं।", रोमी १६:२६ "तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरूका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून् र आज्ञापालन गरून्।" र याकूब २:८-१८ "८ यदि “आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर” भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। १० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले “व्यभिचार नगर्” भन्नुभयो, उहाँले “हत्या नगर्” पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्। १३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ। १४ मेरा भाइ हो, यदि कोही मानिसले “मसित विश्वास छ” भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, “शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ” मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने,

त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु।"

पुरानो करार होस्, नयाँ करार होस्, पुरानो नियम होस् वा नयाँ नियम होस्-यदि हामी बाइबललाई विश्वास गर्ने इसाईहरू हौं भने हामीलाई परमेश्वरको व्यवस्थालाई पालन गर्न र त्यसलाई कायमा राख्न आह्वान गरिएको छ। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको उल्लघन गर्नु नै पाप हो भनेर हामीले स्पष्ट पारेको छ। परमेश्वरको व्यवस्थालाई वेवास्ता गर्दा वा त्यसको अस्तित्वलाई स्वीकार नगर्दा दुःख, पिडा, कष्ट, आतङ्क र अनन्त मृत्युलाई हामी निम्त्याइरहेकाछौं। पापको परिणाम, परमेश्वरको व्यवस्थाको उल्लङ्घन गर्दा ल्याइने नतिजालाई हामीममध्ये कसलाई थाहा छैन र वा हामी आफैले पनि भोगेका छैनन्? जसरी यदि पौराणिक इस्राएलले परमेश्वरको व्यवस्थालाई पालन गरियो भने तिनीहरूको उन्नति वा फलिफाप हुन्थ्यो (तिनीहरूलाई परमेश्वरको अनुग्रहको पनि आवश्यकता त थियो नै), आज पनि त्यो नीतिबाट हामी अछुतो छैन वा व्यवस्थालाई वेवास्ता गर्ने अधिकार हामीलाई दिइएको छैन। त्यसकारण इसाई शिक्षाको एक प्रमुख वा केन्द्रित विषयबस्तु परमेश्वरको व्यवस्था पालन गर्नु पनी सिकाउनु जरुरी ठान्नुपर्दछ। परमेश्वरको अनुग्रहद्वारा र विश्वासद्वारा कसरी जीउने भन्ने पाठ परमेश्वरको व्यवस्थालाई आत्मसात् गर्दा सिक्दछौं।

पापको परिणामको बारेमा तपाईंको आफ्नै अनुभव के हो? तपाईंले त्यसबाट के सिक्नुभयो जसले गर्दा त्यही गल्ती अरूले पनि नदोहोऱ्याउन् भनेर सिक्न सकोस्?

## ४. परमेश्वरका व्यवस्था पालन गर्नेहरूले भोग्नुपर्ने कठोर परिश्रम वा कष्ट र संघर्ष

परमेश्वरको व्यवस्था पालन गर्दा धेरै फाइदाहरू हुन्छन्। परमेश्वरले नै मानिसहरूको फलोफाप भएका प्रमाणहरू बाइबलमा छन्। जब यहोशूले इस्राएलीहरूलाई अगुवाई गर्ने क्रममा परमेश्वरका निर्देशनहरूलाई अक्षरस वा आत्मसात् गरेर चले तब उनको सम्मुन्नती भएको थियो। बारम्बार परमेश्वरले

इस्राएलीहरूलाई यो जनाऊ दिनुभएको थियो कि यदि तिनीहरूले उहाँको व्यवस्था पालन गऱ्यो भने तिनीहरू फस्ताउनेछन्।

२ इतिहास ३१मा माथि व्यक्त गरेको धारणालाई ज्वलन्त उदाहरणको रूपमा प्रस्तुत गरिएको छ। राजा हेजकिया कसरी समृद्धशाली वा सफल भए भनेर त्यहाँ किटान गरिएको छ (पद २१)। तर उनको त्यो सफलताका मूल कारणहरू के थिए त भनेर ती पदहरूमा दिइएका छन्। हेर्नुहोस्, "१ जब यो उत्सव भइसकियो तब उपस्थित भएका सबै इस्राएलीहरू यहूदाका सहरहरू हुँदो गएर ती सबै खतम नहोउञ्जेल तिनीहरूले चोखा ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिए र अशेरा देवीका मूर्तिहरू ढालिदिए। सारा यहूदा र बेन्यामीन, र एफ्राइम र मनश्शेका अल्गा-अल्गा थानहरू र वेदीहरू भत्काइदिए। त्यति गरिसकेपछि इस्राएलीहरू हरेक आ-आफ्नो सहर र पैतृक भूमिमा फर्के। २ त्यसपछि हिजकियाले पूजाहारीहरू र लेवीहरूलाई दल-दल गरी होमबलि र मेलबलि चढ़ाउन, सेवा गर्न, धन्यवाद दिन र परमप्रभुको मन्दिरका ढोकाहरूमा प्रशंसा गर्न आ-आफ्ना विशेष कामहरू हरेकलाई खटाइदिए। ३ राजाले आफ्नै भण्डारबाट बिहान र बेलुकाका होमबलिका निम्ति, अनि शबाथ, औंसी र तोकिएका चाड़हरूका निम्ति परमप्रभुको व्यवस्थामा लेखिएबमोजिम जुटाइदिए। ४ पूजाहारीहरू र लेवीहरू परमप्रभुको व्यवस्थामा नै लागिरहून् भनेर राजाले यरूशलेममा बस्ने मानिसहरूलाई तिनीहरूले दिनुपर्ने भाग जुटाइदिऊन् भनी हुकुम गरे। ५ राजाको हुकुम इस्राएलीहरूलाई दिने बित्तिकै तिनीहरूले आफ्ना अन्न, नयाँ दाखमद्य, तेल, मह र जमिनका सबै उब्जनीका अगौटे फल दिए। तिनीहरूले प्रशस्त मात्रामा– थोकको पूरा दशांश ल्याए। ६ यहूदाका सहरमा बस्ने इस्राएलीहरू र यहूदीहरूले पनि गाईबस्तुको दशांश, अनि परमप्रभु तिनीहरूका परमेश्वरमा अर्पण गरिएका सबै थोकको दशांश ल्याएर थुपारे। ७ तिनीहरूले तेस्रो महिनामा थुपार्न सुरु गरे, र सातौं महिनामा सिद्ध्याए। ८ हिजकिया र तिनका अधिकारीहरू आएर ती थुपारिएका कुरा देख्दा, तिनीहरूले परमप्रभु र उहाँको प्रजा इस्राएललाई धन्यवाद दिए। ९ यी थुपारिएका कुराहरूको विषयमा हिजकियाले पूजाहारीहरू र लेवीहरूसित सोधपूछ गरे। १० सादोकको वंशका प्रधान पूजाहारी अजर्याहले जवाफ दिए, "मानिसहरूले परमप्रभुको मन्दिरमा आ-आफ्नो भेटी ल्याएको समयदेखि यसो हामीहरूलाई खानका निम्ति प्रशस्त भयो अनि उब्रेका पनि छन्, किनभने परमप्रभुले उहाँको प्रजालाई यति धेरै आशिष् दिनुभएको छ,

कि यी धेरै कुरा उब्रेका पनि छन्।" ११ तब हिजकियाले परमप्रभुको मन्दिरमा भण्डारहरू तयार गर्न हुकुम गरे, र ती तयार गरिए। १२ अनि मानिसहरूले ईमानदारीसाथ आ-आफ्ना भेटीहरू, दशांश र तिनीहरूले अर्पण गरेका दानहरू ल्याए। तिनको जिम्मा लिने अधिकृत लेवी कोनन्याह थिए, अनि तिनका भाइ शिमीचाहिँ उपअधिकृत थिए। १३ राजा हिजकिया र परमेश्वरको मन्दिरका अधिकारी अजर्याहले कोनन्याह र तिनका भाइ शिमीलाई सहायता गर्न यहीएल, अजज्याह, नहत, असाहेल, यरीमोत, योजाबाद, एलीएल, यिस्मक्याह, महत र बनायाहलाई नियुक्त गरेका थिए।

१४ परमप्रभुलाई दिएका थोकहरू र अर्पण गरिएका दानहरू बाँड्न परमेश्वरको निम्ति ल्याएका राजीखुशीका भेटीहरू लेवी यिम्नाका छोरा पूर्व ढोकाका द्वारपाल कोरेको जिम्मामा थिए। १५ दलदलअनुसार ठूला-साना सङ्गी-पूजाहारीहरूलाई ठीक-ठीक हिस्सा बाँड्न पूजाहारीहरूका सहरहरूमा अदन, मिन्यामीन, येशूअ, शमायाह, अमर्याह र शकन्याहले कोरेलाई ईमानदारीसाथ सहायता गरे। १६ वंशावलीमा नाउँ लेखिएका परमप्रभुको मन्दिरमा नित्य खटिएका काम गर्ने तीन वर्ष र त्यसभन्दा बढ़ी उमेरका पुरुषहरू सबैलाई आ-आफ्ना दल र जिम्माअनुसार तिनीहरूले भाग बाँड़िदिए। १७ त्यसबाहेक वंशावलीमा आफ्ना परिवार-परिवारअनुसार नाउँ लेखिएका पूजाहारीहरू अनि बीस वर्ष र त्यसभन्दा बढ़ी उमेरका लेवीहरू सबैलाई आ-आफ्ना दल र जिम्माअनुसार तिनीहरूले भाग बाँड़िदिए। १८ यी वंशावलीका पुस्तकहरूमा नाउँ लेखिएका सारा समुदाय, तिनीहरूका पत्नी र छोराछोरीहरूसमेत, सबैलाई भाग बाँड़िएको थियो। किनभने तिनीहरूले आफू-आफूलाई विधिपूर्वक शुद्ध गर्दथे। १९ अनि सहरहरूका छेउछाउका बस्तीहरूमा र अरू कुनै गाउँमा बस्ने हारूनका वंशका पूजाहारीहरूमध्ये हरेक पुरुषलाई अनि लेवीहरूका वंशावलीमा नाउँ लेखिएका पूजाहारीहरू सबैलाई पनि आ-आफ्नो भाग दिन विशेष मानिसहरू खटाइए। २० हिजकियाले यहूदाभरि नै यसरी काम गरे। परमप्रभु आफ्ना परमेश्वरका दृष्टिमा जे असल, ठीक र विश्वासयोग्य थिए, ती नै तिनले गरे। २१ परमप्रभुका मन्दिरको सेवामा र आफ्ना परमेश्वरको अगुवाइ खोज्न उहाँका व्यवस्था र आज्ञाहरू मानेर गरेका सबै काममा तिनले आफ्ना परमेश्वरलाई खोजे र आफ्ना तनमनले काम गरे। अनि तिनी सफल पनि भए।"

हामी जहाँ भएतापनि वा हाम्रो शिक्षादीक्षा जहाँबाट भएपनि आज्ञाकारिताको अपरिहार्य वा आवश्यकतालाई जोड दिनुपर्दछ। हाम्रो विद्यार्थीहरू मूर्ख वा बेवकुफ छैन। ढिलो होस् वा चाँडो होस् कतिपय मानिसहरू विश्वासीलो, बफादार, प्रेमिलो र आज्ञाकारी भएको तथ्य तिनीहरूले बुझ्नेछन्। यी गुणहरू स्वःत आउँछ भन्ने छैन तर त्यसको लागि मेहनत त गर्नुपर्छ नै। तर ती गुणहरूले हामीहरू सुसज्जित भएतापनि एउटा तितो सत्यचाहीँ तिखो भएर हामीमा रहिरहेको कुरालाई नकार्न सकिन्न। त्यो के हो भन्दा-सबैलाई कुनै न कुनै किसिमको विपत्ति, ठूलो क्षती, महाविपत्तिले चुत्न सक्दछ। परमेश्वरका आज्ञाहरूको शिरोपर गरेर चल्दा पनि ती आपदहरू आउँछन् भने किन आउँछन् त? त्यसको व्याख्या हामीले कसरी गर्ने?

यथार्थमा भन्ने हो भने त्यसको व्याख्या हामी गर्न सक्दैनौं। हामी सबै जना पाप, दुष्ट र विनाशको निम्ति अनेकौं आविश्कारहरू भइरहेको विश्वमा छौं। येशू र शैतानको बीचमा भइरहेको महान द्वन्द्व वा युद्धको चपेटामा हामी सबै जना छौं र त्यसबाट हामी कोही पनि सुरक्षित छैनौं।

हामी धर्मशास्त्रका विद्यार्थी, परमेश्वरका आज्ञाहरूलाई मान्ने र उहाँको मोहमा फसिरहने भएतापनि हामीले सामना गर्नुपरेका आपद, विपद, महामारी र संघर्ष किन आयो भनेर हामीमा जवाफ नभएतापनि देहायका पदहरूले त्यस मुश्किल प्रश्नको बारेमा हामीलाई के सिकाउँछ? हेर्नुहोस्, मर्कूस ६:२१-२९ "२१ तर अनुकूल मौका त्यस बेला आयो, जब हेरोदले आफ्नो जन्मोत्सवमा आफ्ना उच्च पदाधिकारीहरू, अफिसरहरू र गालीलका मुख्य-मुख्य मानिसहरूलाई ठूलो भोज दिए। २२ किनकि जब हेरोदियासकी आफ्नै छोरी भित्र आएर नाची, तब तिनले हेरोद र उनका अतिथिहरूलाई खुशी तुल्याई। अनि राजाले त्यस केटीलाई भने, 'तिमीलाई जे इच्छा लाग्छ सो माग, र म तिमीलाई दिनेछु।' २३ तिनले शपथ खाएर त्यसलाई भने, 'तिमी मसँग जे माग्छ्यौ म मेरो आधा राज्यसम्म पनि तिमीलाई दिनेछु।' २४ अनि त्यसले बाहिर निस्केर आफ्नी आमालाई सोधी, 'म के मागूँ?' तिनले भनिन्, 'बप्तिस्मा-दिने यूहन्नाको शिर।' २५ त्यो झट्टै आतुरीसाथ भित्र राजाकहाँ गई, र यसो भनेर मागी, 'हजूरले अहिले मलाई बप्तिस्मा-दिने यूहन्नाको शिर थालमा दिनुहोस् भन्ने म इच्छा गर्दछु।'

२६ राजा अत्यन्तै दुःखित भए, तर उनले आफ्नो शपथ र भोजमा बस्ने अतिथिहरूका खातिर त्यस केटीलाई दिएको वचन तोड्न चाहेनन्। २७

राजाले तुरुन्तै गारदको एक जना सिपाहीलाई पठाएर यूहन्नाको शिर ल्याउने हुकुम दिए। अनि त्यसले झ्यालखानमा गएर यूहन्नाको शिर काट्यो, २८ र तिनको शिर थालमा ल्याएर केटीलाई दियो, र केटीले त्यो त्यसकी आमालाई दिई। २९ यूहन्नाका चेलाहरूले जब यो कुरा सुने तब तिनीहरू आएर तिनको लाश उठाएर चिहानमा लगेर राखे।" अय्युब १ "१ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। ५ भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, 'शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।' अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गका दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, 'तँ कहाँबाट आईस्? त्यसले भन्यो, 'पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।' ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, 'के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।' ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, 'अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त? १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।' १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।' तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो। १३ एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए। १४ एउटा समाचारवाहक कुदेर

अय्यूबकहाँ आएर भन्यो, १५ 'गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबीहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।' १६ त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, 'परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।' १७ त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, 'कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।' १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, 'तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। १९ त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मार्‍यो। अनि समाचार दिन म मात्र उम्कें।' २० यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे, २१ र भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, 'म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।' २२ यी सबै कुरामा अय्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्।", अय्यूब २ "१ अर्को एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफूलाई उहाँको अगाड़ि उपस्थित गराउन तिनीहरूसँगै गयो। २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, 'तँ कहाँबाट आईस्? त्यसले भन्यो, 'पृथ्वीमा चारैतिर घुमफिर गर्दैआएको हुँ।' ३ तब परमप्रभुले शैतानलाई भन्नुभयो, 'के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तैंले मलाई उस्काइस्। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।' ४ शैतानले परमप्रभुलाई जवाफ दियो, 'चामको साटो चाम। आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिंदैन र? ५ आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुर्‍याउनुहोस् अनि तिनले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछन्।' ६ तब परमप्रभुले शैतानलाई भन्नुभयो, 'लौ त, त्यसो भए त्यो तेरो हातमा छ। तर त्यसको ज्यानचाहिँ छोड़िदे।' ७ तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो। त्यसले अय्यूबको पैतालादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो। ८ खरानीमा

बसेर कन्याउनलाई तिनले एउटा फुटेको माटोका भाँड़ाको टुक्रा लिए। ९ तिनकी पत्नीले तिनलाई भनिन्, 'के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।' १० अय्यूबले जवाफ दिए, 'तिमी एक मूर्ख आइमाईजस्तै कुरा गर्दछ्यौ। परमेश्वरबाट हामीले सुखचाहिँ ग्रहण गर्ने र दुःख ग्रहण नगर्ने? यी सबै कुरामा आफूले बोलेको कुरामा अय्यूबले पाप गरेनन्।

११ अय्यूबका तीन जना मित्र, एलीपज तेमानी, बिल्दद शुही र सोपर नमातीले तिनीमाथि आइपरेका यी विपत्तिका कुरा सुनेपछि सहानुभूति प्रकट गर्न र तिनलाई ढाड़स दिन आफ्ना आफ्ना घरबाट सँगै मिलेर आए। १२ तिनीहरूले तिनलाई टाढ़ैबाट देखे, तर चिन्न सकेनन्। तिनीहरू चिच्च्याएर रोए, अनि आफ्ना लुगा च्यातेर आफ्ना शिरमा धूलो छरे। १३ तब तिनीहरू सात दिन सात रात भूइँमा तिनको छेउमा बसे। अनि तिनीहरूमध्ये कसैको मुखबाट एक शब्द पनि निस्केन, किनभने तिनीहरूले देखे उनको कष्ट कति ठूलो थियो।" र २ कोरन्थी ११:२१-३३ "२१ म लज्जित भएर स्वीकार गर्छु, कि हामीले चाहिँ यी सब सहन सकेनौं। तर कसैले कुनै कुरामा घमण्ड गर्छ भने, म पनि ती कुरामा घमण्ड गर्छु। हो, म मूर्खझैं बोल्दैछु। २२ के तिनीहरू हिब्रू हुन्। म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ' पागलझैं म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरें। कैदमा अझ धेरै पल्ट परें। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परें। २४ पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। २५ तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढ़ेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। २६ मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परें, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। २७ परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परें। २८ अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ। २९ को दुर्बल छ र मचाहिँ छैनँ? को पापमा फसाइएको छ र मचाहिँ व्याकुल हुँदिनँ? ३० मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु। ३१ प्रभु येशूका परमेश्वर र पिता, जो

सदासर्वदा धन्य हुनुहुन्छ, उहाँले जान्नुहुन्छ, कि म ढाँट्दिनँ। ३२ दमस्कसमा अरितस राजाका हाकिमले मलाई पक्रन दमस्कस सहरमा पहरा राखेका थिए। ३३ तर पर्खालको एउटा झ्यालबाट डालोमा राखेर मलाई तल झारिदिएको हुनाले म तिनका हातबाट उम्कें।

असल, निष्ठावान, विश्वासमा धनी, परमेश्वर र कुनै पनि कानुनहरूलाई शिरोपर गर्ने व्यक्तिहरूको फलिफाप सधैं भएको छैन भन्ने कुरामा कसैको वेमत छैन। परमेश्वरलाई विश्वास गऱ्यो भन्दैमा र उहाँका आज्ञाहरू पालन गऱ्यो भन्दैमा संसारले ठानेको सफलता, फलिफाप र उन्नति परमेश्वरका जनहरूले निस्फिक्री भोगेको हुन्छ भन्ने प्रमाण विश्वको इतिहासले पेश गरेको छैन। जब हामीले आज्ञाकारिकताको महत्त्वको बारेमा सिकाउँछौं र मानिसले खेप्नुपरेका कष्ट र दुर्दशा माथि दिएका विवरणले केही हदसम्म जवाफ दिएतापनि परमेश्वरको निष्ठा र आशामा रहँदा पनि हामी किन दुःख पाउँछौं भन्ने मुश्किल प्रश्न हाम्रो दिमागमा सधैं घुमिरहेकै हुन्छ। तर बाइबलको अनुसार "सफल", "फलिफाप" वा सम्मुन्नति" भनेको के हो त? तर भजनका लेखकले व्यक्त गरेको भावनालाई सोच्नुहोस् "परमेश्वरको घरको पाले बरु म हुन्छु तर दुष्टहरूको घरमा म बस्न चाहन्न" (भजन ८४:१० रूपान्तरित)। संसारले औंल्याएको र चाहेको सफलता, फलिफाप, समृद्धि वर्तमान परिवेशमा परमेश्वरका भक्त जनहरू र उहाँका आज्ञाहरूलाई शिरोपर गरेर चल्नेहरू सधैं उपभोग गर्नेछन् भन्ने छैन। यदि हामीले हाम्रा विद्यार्थी वा भक्तजनहरूलाई परमेश्वरलाई विश्वास गरे सबै ठीक हुन्छ, सबै रोग निको हुन्छ, जागिर पाउँछ, सफल हुन्छ, उन्नति हुन्छ वा खुशी हुन्छ भनेर सिकायौं भने तिनीहरूलाई हामीले गलत कुरा सिकाइरहेका हुन्छौं वा शिक्षा दिइरहेका हुन्छौं।

परमेश्वरप्रति निष्ठावान, आस्थावान र उहाँका आज्ञाहरू मान्नेहरूले पनि यस संसारमा दुःख नै पाउँछन् भनेर हिब्रू ११:१३-१६ले कसरी हामीलाई बुझाउन खोज्दछ? हेर्नुहोस् "१३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६

तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ।"

## ५. येशू ख्रीष्ट हाम्रो अनुकरणीय उदाहरण

परमेश्वरको पुत्र येशू ख्रीष्ट मानिसको चोला लिएर आउनुहुँदा उहाँले पिताका आज्ञाहरूलाई शिद्धरूपमा पालन गर्नुभएको थियो। परमेश्वरको व्यवस्था वा दश आज्ञालाई शिद्धरूपमा अक्षरस पालन गर्नुभएको थियव। उहाँ केवल हाम्रो बदलिमा मर्न आउनुभएको कारणलेमात्र होइन समस्त मानव जातको निम्ति अनुकरणीय उदाहरण हुन पनि आउनुभएको थियो।

प्रभु येशू आफ्नो जीवनकालभरि परमेश्वर पिताकोमात्र नभएर आफ्नै पृथ्वीका बुबा र आमाका आज्ञाहरूलाई पूर्णरूपमा पालन गर्नुभएको थियो भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, लूका २:५१,५२ "५१ तब उहाँ तिनीहरूसँग नासरत जानुभयो, र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो। उहाँकी आमाले यी सबै कुरा आफ्नो मनमा राखिन् ५२ अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।", फिलिप्पी २:८ "स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।", हिब्रू ५:७-९ "७ येशू आफ्नो शारीरिक जीवनमा हुनुहुँदा उहाँलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो, अनि आफ्नो भक्तिपूर्ण समर्पणको कारणले उहाँको प्रार्थना र नम्र निवेदन सुनियो। ८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो, ९ र सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो।"

यस मामिलामा यूहन्नाले अत्यन्तै उच्चस्तरमा व्यक्त गरेको भने पनि हुन्छः "जसले आफू येशूको साथमा छु भनेर दावी गर्छ भने जसरी येशू हिंड्नुभयो त्यसरी नै त्यो व्यक्ति हिंड्नु आवश्यक छ" (१ यूहन्ना २:६ रूपान्तरित)। जब हामीहरूको नजर यस संसारमा आउनुभएको येशूको जीवन र सेवाकार्यमा केन्द्रीभूत गर्छौं तब पिताको आज्ञाकारी हुनुभएकोले येशूले पितालाई कसरी खुशी पार्नुभयो भनेर बुझ्न सक्दछौं। ख्रीष्टले भविष्यवाणीमात्र

पूरा गर्नुभएन उहाँले आफ्नो जिन्दगीभरि परमेश्वरको व्यवस्थालाई उचाल्नुभएको थियो।

जसरी परमेश्वरले मोशालाई उहाँको व्यवस्था लेख भनेर अऱ्हाउनुभएको थियो ताकि यो गवाहीको निम्ति होस्, येशू ख्रीष्टले परमेश्वरको व्यवस्थालाई कसरी पालन गर्नुपर्छ भनेर प्रेरितहरू, चेलाहरू, पापीहरू र सन्तहरूको सामु साकार पार्नुभएको थियो अर्थात् सबैको निम्ति आज्ञा पालनको अनुकरणीय उदाहरण हुनुभएको थियो। हामीले धर्म कमाउनु विधिविधान पालन गर्ने भनेर मनमा नराखी येशू ख्रीष्ट आफै हाड र छालाको मानवरूप लिनुभएर कसरी आज्ञाकारी हुने भनेर देखाउनुभएको थियो।

हामी पनि शिक्षक भएको हैशियतले वा येशूका भक्त भएको हैशियतले हाम्रा विद्यार्थी तथा अरू मानिसहरूको सामु येशूको जस्तै अनुकरणीय उदाहरण बनेर उहाँले कसरी पिताको आज्ञाकारी पुत्र हुनुभयो त्यसरी नै हामी पनि हुनुपर्छ भन्ने आत्मसात् किन नगर्ने?

"कतिपय इसाई हुँ भनेर दावी गर्नेहरूले परमेश्वरको व्यवस्था पालन गरेर उहाँप्रति हाम्रो कर्तव्य पालन गर्नु आवश्यकता छैन भनेर सिकाउँछन्। यस्तो खालको विश्वास विश्वासै होइन तर यो अनुमानित र अनधिकृत व्यवहार वा परमेश्वरले अनुमोदन नगर्नुभएको कदम हो। "विश्वासद्वारा अनुग्रहले तिमीहरू मुक्ति पाउँछौं" भनेर पावलले भन्छन् भने (एफिसी २:८) याकूबले भन्छ "विश्वास गरेको छु तर त्यसलाई देखाउने कुनै काम गर्दैन भने त्यो मुर्दा विश्वास हो" (याकूब २:१७)। यस संसारमा आउनुभन्दा अघि येशूले भन्नुभएको थियो, "हे मेरा परमेश्वर तपाईंको इच्छा पालन गर्न म रमाउँछु, हो, तपाईंको व्यवस्था मेरो हृदयमा छ" (भजन ४०:८)। उहाँ स्वर्गमा उचालिनुभन्दा ठीक अघि भन्नुभयो "मैले मेरा पिताका आज्ञाहरू पालन गरें र उहाँको प्रेममा गाँसिएर बसेको छु" (यूहन्ना १५:१० रूपान्तरित)। धर्मशास्त्र बाइबलले खुलस्त गरेर भन्दछ "यदि हामीले उहाँका आज्ञाहरूलाई पालन गऱ्यौं भने उहाँलाई हामी चिन्छौं भनेर दावी गर्न सक्षम् हुन्छौं...जो मानिस येशूमा गाँसिएर बसेको छु भनेर दावी गर्छ जसरी येशू हिंड्नुभयो त्यो मानिस त्यसरी नै हिंड्नुपर्छ।" (१ यूहन्ना २:३-६ रूपान्तरित)।"-एलेन जी ह्वाइट, *स्टेप्स टु क्राइस्ट,* पृ. ६१बाट रूपान्तरित।

तपाईंले तपाईंको जीवनको सबै क्षेत्रहरूमा कसरी येशूको उदाहरणलाई पछ्याउन प्रयास गर्नसक्नुहुन्छ जसले गर्दा अरूको निम्ति तपाईं

असल शिक्षक हुनुहुनेछ। सबैमा प्रचलित धारणा "तपाईँको कामले तपाईँको भनाईभन्दा ठूलो स्वरले बोल्छ" भन्ने कुरालाई कसरी सम्झिराख्ने?

## उपसंहारः

थप जानकारीः "सृष्टि र मुक्तिको आधार नै प्रेम भएकोले सही शिक्षाको आधार पनि प्रेम नै हुनुपर्छ। परमेश्वरले हाम्रो जीवनलाई आदर्श बाटोमा लान दिनुभएको व्यवस्था वा दश आज्ञाले यो पुष्टि गर्दछ। सबभन्दा पहिलो र महान् आज्ञा हो 'तिमीले तिम्रा परमेश्वरलाई सारा हृदय, सारा आत्मा, सारा दिमाग र सारा बाहुबल प्रेम गर।' लूका १०:२७। अनन्तको सर्वज्ञानी परमेश्वरलाई हाम्रो सारा बाहुबलले, दिमाग र हृदयले प्रेम गर्नुभनेकै हामीहुनुपर्ने सबै शक्तिको उच्चस्तरमा निर्माण गर्नु हो। यसको अर्थ हाम्रो पूरै जीवनमा-शारीरिक, मानसिक र आत्मिक-परमेश्वरको स्वरुपलाई पुनर्स्थापना गर्नु हो।

"त्यसरी नै पहिलो आज्ञाको जस्तै दोस्रो आज्ञा-'तिम्रो छिमेकीलाई तिमीले आफूलाई जस्तै प्रेम गर' मत्ती २२:३९ हो। प्रेमको व्यवस्थाले हाम्रो शरीरलाई हिफाजत गर्न वा स्वस्थ राख्न अऱ्हाउँछ भने हाम्रो दिमाग र आत्माले परमेश्वर र हाम्रा मित्र मानवको सेवा गर्न आह्वान गर्दछ। जब सेवागर्ने बानी हामी बसाल्छौं तब त्यसले गर्दा हामी आफैले सबभन्दा ठूलो आशिषको अनुभव गर्दछौं। सबै खालको चरित्रको सही निर्माणको जग नै निश्वार्थीपना हो। निश्वार्थी सेवाले हाम्रो जीवनको प्रत्येक पक्षको उच्च संस्कारको विकाश हुन्छ। अनि झन झन अघि बढ्दै परमेश्वरको स्वभावमा सहभागी हुनसक्छौं। हामी स्वर्गको निम्ति योग्य हुन्छौं किनभने हाम्रो हृदयमा स्वर्गलाई सजाइराखेकाछौं।"-एलेन जी ह्वाइट, *एजुकेशन* पृ. १६बाट रूपान्तरित।

## चिन्तनमननः

अ. पौराणिक इस्राएलले जस्तै हामीले पनि परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँको भय अर्थात् श्रद्धा गर्नुपर्छ (मत्ती २२:३७,प्रकाश १४:७)। परमेश्वरलाई प्रेम गर्नु र उहाँमाथि श्रद्धा राख्नु भनेको के हो? ती दुई आज्ञाहरू एक आपसमा किन बाझिएको हुँदैन?

आ. नियममा बनाउनु र कुन आदर्श चरित्र वा मापदण्डमा हिँड्नुमा के फरक छ? तपाईंको आफ्नै अनुभवले के एडभेन्टिस्ट चर्चले मानिसहरूलाई यसरी हिँड्नुपर्छ र हिँड्नुहुन्न भनेर उच्च मापदण्ड बनाउन धेरै चासो देखाउँछ कि एडभेन्टिस्ट समाजलाई एकताको शुत्रमा राख्न नीतिनिर्देशन बनाउँछ? आफ्नो लागि, परिवारको लागि र चर्चको लागि उच्च आदर्श जीवन बसालेर अनुकरणीय उदाहरण हुनुपर्छ भनेर धर्मशास्त्र बाइबलले के भन्दछ?

इ. परमेश्वरको व्यवस्था पालन गर्नुको महत्त्वपूर्णताको साथै आज्ञा पालन गरेर मुक्ति पाउने होइन भन्ने धारणालाई कसरी संतुलितमा राख्ने?

ई. भजनसंग्रह ११९ पढ्नुहोस्। त्यहाँ आज्ञाकारिता, स्वतन्त्रता, विधिविधान, नियमहरू र परमेश्वरका आदेशहरूको बारेमा कति पल्ट उल्लेख गरेका छन्? ती विषयबस्तुहरूले भजन ११९को लेखकले हामीलाई के भन्न खोजिरहेका छन्?

# कथा ३

## चमत्कार शिशु

### निलम डारिल जोशुवा, ३४, डारियल ३९ र निशौन ३ सँग, भारत

हाम्रो विवाह भएको दुई वर्ष भइसकेको थियो। तर हाम्रो बच्चा भएन। हामीलाई बच्चा होस् भनेर हामी ठूलो चाहना गरिरहेका थियौं। मैले मेरो श्रीमान डारिललाई भनें "हाम्रो अझसम्म बच्चा भएको छैन। डाक्टरकहाँ जाऔं र हाम्रो किन बच्चा भएन सोधौं।" मेरो श्रीमानले बच्चा नभएको सहमति त जनाएँ तर उहाँले अस्पताल जान त्यस्तो इच्छा गर्नुभएन। जेभएतापनि मेरो अनुरोधमा हामी अस्पताल गयौं। त्यहाँ डाक्टरलाई हामी सोध्यौं, "म गर्भवति हुन सकेको छुइँन। तपाईँले हामीलाई सहयोग गर्नु सक्नुहुन्छ?" त्यतिकै बेला मेरो श्रीमानले मलाई हेरेर भन्नुभयो, "तिमीलाई थाहा छ, यसको बारेमा हामीले प्रार्थना गरेका छैनौं। हामी बिवाह गरेको दुई वर्ष भयो सो सत्य हो। तर म पहिला प्रार्थना गर्छु अनि फेरि यहाँ फर्किनेछु।" डाक्टरले हामीलाई कति लामोसम्म प्रार्थना गर्नुहुन्छ भनेर सोध्नुभयो। मेरो श्रीमान डारिल पास्टर हुनुहुन्छ, एक महिना भनेर उहाँले जवाफ दिनुभयो। हामीले प्रार्थना गर्‍यौं अनि पछि म गर्भवती भएँ। म अत्यन्त खुशी भएँ। म डाक्टरकहाँ गएँ र मभित्र भएको बच्चाको बारेमा उहाँसँग सोधेँ। म गर्भवती भएको उनले सहमति जनाउनुभयो तर त्यो बच्चा धेरै सानो देखिएकोले अलिकति सशङ्कित भएको व्यक्त गर्नुभयो। "तर चिन्ता नगर्नु। राम्रो खाना खानु बच्चा ठीक हुनेछ" आश्वास्त पार्दै डाक्टरले मलाई भन्नुभयो। म नियमितरूपमा डाक्टरकहाँ गएर चेकअप गरें। पाँच महिनापछि डाक्टरले मलाई भन्नुभयो कि म भित्र भएको बच्चा ठूलो भइरहेको देखिन्दैन। म र मेरो श्रीमान डारिल चिन्तित भयौं। "तर चिन्ता नगर्नुहोस्। म केही औषधी दिन्छु। त्यसले बच्चाको वजन ठूलो बनाउनेछ। अर्को पल्ट डाक्टरकहाँ जाँदा मलाई जोख्दा मेरो वजन त ठूलो भएको थियो तर बच्चाचाहीँ जस्ताको त्यस्तै। "केही हप्तापछि फर्केर आउनुहोस्" भनेर डाक्टरले हामीलाई भन्नुभयो। अर्को पल्ट अस्पताल गयौं। एक्सरे हेर्ने डाक्टरले चिन्ता व्यक्त गर्नुभयो, "तपाईँको पेटभित्र भएको बच्चा त्यस्तो ठीक देखिन्दैन। मेरो ख्यालमा तपाईँको बच्चा बाँच्दैन होला।" तर बच्चा हेर्ने डाक्टरले अर्कै बिचार व्यक्त गर्नुभयो। त्यस डाक्टरले पनि बच्चा जिवित हुँदैन भनेर सहमति देखाइन् त्यसकारण भ्रूणहत्या गर्न सल्लाह

दिनुभयो। मेरो श्रीमान र मेरो हृदय चक्नाचुर भयो। हामीले प्रार्थना गऱ्यौं। "हे प्रभु, हामी तपाईंको सेवा गरिरहेकाछौं। अब हामी के गर्ने देखाउनुहोस्" मेरो श्रीमानले प्रार्थना गर्नुभयो। डारिलले उहाँको जुम्ल्याहा भाइलाई फोन गर्नुभयो। उनी भारतको अर्कै ठाउँमा बच्चाको डाक्टर भएर काम गर्दथे। अर्को अस्पतालमा जान उनले सल्लाह दिए। अनि अर्को अस्पतालमा हामी गयौं। त्यहाँ डाक्टरले केही जाँचहरू गर्नुभयो। "तपाईंको बच्चा त मलाई ठीकै जस्तो लाग्छ। हेरौं तपाईं कतिपसम्म त्यसलाई पेटमा बोक्न सक्नुहुन्छ" उनले भन्नुभयो। "बाँच्ने सम्भावना कतिको छ?" मेरो श्रीमानले सोध्नुभयो। डाक्टरले जवाफ दिनुभयो, "तपाईं पास्टर हुनुहुन्छ। तपाईं प्रार्थनामा विश्वास गर्नुहुन्छ। प्रार्थना गर्नुहोस्। परमेश्वरको हातमा शक्ति छ।" म अस्पतालमा भर्ना भएँ। त्यहाँ नर्सले प्रत्येक घन्टा पेटको बच्चालाई छामिन्। त्यस रात भर्खरको नयाँ डाक्टर आउनुभयो र हामीकहाँ आएर भन्नुभयो "तपाईंहरू त एकदम खुशी दम्पति भएको देख्नुहुन्छ। किन चिन्ता गर्नुभएको?" हामीले हाम्रो बच्चाको बारेमा कुरा गऱ्यौं। उनी पनि गैर इसाई परिवारमा जन्मेका थिए र येशूलाई ग्रहण गरेको सुनाउनुभयो। "के तपाईंको निम्ति म प्रार्थना गर्न सक्छु?" उहाँले सोध्नुभयो। शिर नुहाएर उहाँले यो प्रार्थना गर्नुभयो "यदि तपाईंले सूर्यलाई रोक्न सक्नुहुन्छ भने यस पास्टरको परिवारको निम्ति आश्चर्य काम गरिदिनुहोस्।" उहाँको प्रार्थनाले हामीलाई यो विश्वस्त तुल्यायो कि परमेश्वरले केही न केही गर्नुहुनेछ। दुई दिनपछि डाक्टर आएर चिन्तित स्वरमा भन्नुभयो "पेटको बच्चा धेरै सानो छ र उसको बाँच्ने सम्भावना कम छ। तैपनि चिन्ता नगर्नुहोस्। हामीले सकेसम्म उसलाई बचाउन कोशिश गर्नेछौं।"

साबथको बिहान बच्चा जन्मियो। उसको वचन केवल ६८० ग्राममात्र थियो। तर जब बच्चा रोयो डाक्टर खुशी भयो र उसलाई भेन्टिलेटरमा राखियो। के आश्वासन हामीलाई दिने उनलाई थाहा भएन तर "हामीले सकेसम्म बचाउन खोजिरहेका छौं" उनले भन्नुभयो। नजिकको चिकित्सा कलेजका एडभेन्टिस्ट विद्यार्थीहरू साबथको दिउँसो पख आए हाम्रो निम्ति भजन गाए। हामी अत्यन्तै खुशी भयौं। यस बालक छोरालाई बचाउन परमेश्वरले सबै थोक गर्नुहुनेछ भनेर हामीले उहाँमाथि भरोसा राख्यौं। सानो बच्चालाई धेरै ट्युबहरू घुसाएको हेर्न गाऱ्हो थियो। हामीले उसलाई छुन सक्दैनथ्यौं। हामी केवल प्रार्थना र भजनमात्र गाउन सक्थ्यौं। "चिन्ता नगर्नु।

परमेश्वरले स्याहार्नुहुनेछ" भन्नै मेरो श्रीमान र मैले प्रार्थना गरें। तीन दिनपछि बच्चाको वजन ६०० ग्राममा झर्‍यो। बच्चालाई बचाउन गर्न लागेको शल्यक्रियाको निम्ति डाक्टर चिन्तित थिए। आगन्तुक एडभेन्टिस्ट डाक्टरसँग प्रार्थना गर्न अनुरोध गर्‍यौं। "प्रभु, मानवीय हिसाबले यो बच्चा बाँच्छ कि बाँच्दैन मलाई थाहा छैन। तर तपाईं अचम्म काम गर्नुहुने परमेश्वर हुनुहुन्छ। यदि तपाईंको इच्छा भए रोगसँग लड्न वजन बढाउनुहोस्। यो बालक सबैको निम्ति गवाही होउन्" भनेर डाक्टरले प्रार्थना गर्नुभयो। भोलिपल्ट बच्चाको वचन १० ग्रामले बढ्यो। हरेक दिन त्यो बच्चाको वजन बढ्दै गयो। तीन महिनापछि जब त्यो वच्चाको वजन १.६ किलोग्राम भयो तब डाक्टरले यो घोषणा गर्नुभयो "बच्चा घर जान सक्छ। तपाईंको यो सानो बच्चा धेरै दिनसम्म अस्पतालमा बस्यो। अब घर जान तयार होला भनेर म सोच्छु।" बच्चा जीवितै भएकोमा अर्को डाक्टर अचम्म माने। "यो तपाईहरूको प्रार्थनाको फल हो। परमेश्वर साँच्चिक्कै जीवित परमेश्वर हुनुहुन्छ" उनले भन्नुभयो।

त्यस बालकलाई हामीले नेशम भनेर नाउँ दियौं। हिब्रू भाषामा "आश्चर्य" हो। हामी यो आशा गर्छौं कि ऊ अचम्म तरिकाले जिएको हो। उसलाई पास्टरी कामको निम्ति हामीले समर्पित गर्‍यौं। भजन १५०:६ले भन्छ, "सास हुने सबैले परमेश्वरको प्रशंसा गरोस्" (रूपान्तरित)। प्रत्येक सास नेशुमले लिन्छ त्यसले परमेश्वरको गवाही दिन्छ। परमेश्वरको जय होस्।